गाउँ कार्यपालिकाको कार्यालय
तेतरिया, मोरङ
प्रदेश नं. १, नेपाल

# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०७९/०८०
Ref.No :2079/080
चलानी नं. :

कृषि विकास शाखा

तेतरिया,मोरङ्
Tetariya,Morang
प्रदेश नं. १, नेपाल
Province no.1, Nepal

**प्रस्ताव आह्वान सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०७/१५ गते

प्रस्ताव दर्ता गर्ने अन्तीम मितिः २०७९/०७/२२ गते कार्यालय समयं भित्र

यस ग्रामथान गाउँपालिकाको आ.व. २०७९/०८० कृषि विकास शाखा अन्तर्गतको नेपाल सरकार नगद अनुदान तर्फको तेलहन बाली अन्तर्गत तोरी र सरस्यूँ ५० प्रतिशत अनुदानमा साझेदारी वितरण कार्यक्रम अनुदान रकमको सिमा र प्रतिशत सूचना प्रकाशन गर्दा ७५ प्रतिशत हुन गएकोमा सो अनुदान रकमको सिमा र प्रतिशत गा.पा. आर्थिक विकास समिति र कार्यपालिका बैठक निर्णय बमोजिम (५० प्रतिशत) सच्याईएको ब्यहोरा सम्पूर्ण साझेदारहरुमा जानकारी गराईन्छ साथै **संघिय सःशर्त अनुदान अन्तर्गतको खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान** कार्यक्रममा तपशिल बमोजिमका साझेदारहरुले सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यलय समयभित्र) बीउ बिजन आपूर्ति तथा ब्यवस्थापन निर्देशिका,२०७८ बमोजीम प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ । साथै रित नपुगेको वा म्याद नाघि प्राप्त हुन आएको प्रस्तावहरु छनौट कार्यमा समावेश नहुने ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । उक्त कार्यक्रम सम्बन्धी थप जानकारीको लागी ग्रामथान गाउँपालिका कृषि विकाश शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपशिलः

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | गहुँको जात | संख्या/ परिमाण | अनुदान रकमको सीमा र प्रतिशत | प्रस्ताव पेश गर्न सक्ने सम्बन्धित साझेदारहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान | एन एल ९७१, आदित्य र गौतम | माग संकलनको आधारमा | अधिकतम ५० प्रतिशत | सक्रिय कृषक, कृषक समूह, कृषि फर्म, कृषि सहकारी, सामूदायीक बीउ बैंक, उपभोक्ता समिति आदी | |

निवेद साथ पेश गर्नुपर्ने आवस्यक कागजातहरुः-

१.) रु. १०/- को टिकट टाँस सहितको तोकिएको ढाँचा बमोजिम निवेदन ।
२.) कृषकको नागरिकता र जग्गा धनी लालपुर्जा प्रतिलिपी ।
३.) कृषक समूह/कृषि सहकारी/कृषि फर्म दर्ता संस्था प्रमाण-पत्र/नविकरण/स्थायी लेखा नं प्रमाण-पत्र।
४.) आफ्नो जग्गा नभएमा जग्गा लिज कागजात वा ठेक्कामा लिएको ५ बर्षे सम्झौता पत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न राख्रुपर्नेछ ।
५.) निजी फर्मको हकमा गत आ.ब. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपी।
६.) निजी फर्मको हकमा गत आ.ब. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धीत स्थानीय तहको प्रमाण ।
७.) निर्णय प्रतिलिपी ८.) सम्बन्धित वडा कार्यालयको सिफारीस

सुरेन कुमार माझी
कृषि शाखा प्रमुख

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ श्री सुचना प्रविधि शाखा, सुचना वेब साईटमा राखिदिनुहुन ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र

☎९७७-०१-५५२१३५९
🖷९७७-०१-५५२६२७६
इमेल:sqccnepal@gmail.com
वेभसाइटः www.sqcc.gov.np
हरिहरभवन, ललितपुर।

प.सं. सचिवालय/०७९/०८०
च.नं. १४६

मिति: २०७९/५/२६

विषय: प्रदेश र स्थानीय तहमा पत्राचार तथा समन्वय सम्बन्धमा ।

श्री कृषि विभाग,
हरिहरभवन ।

प्रस्तुत विषयमा संघ, प्रदेश तथा स्थानीय तहको समन्वय तथा सहकार्यमा गुणस्तरीय बीउ बिजनको उत्पादन, आपूर्ति तथा वितरण प्रणालीको सुदृढीकरण तथा स्वदेशी जातको प्रवर्द्धन गर्न स्वीकृत बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम चालु आर्थिक वर्ष २०७९/८० मा सङ्घीय शसर्त बजेट मार्फत् कार्यक्रम तथा बजेट विनियोजन भएका प्रदेशस्तर(कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय)बाट संचालन हुने गहुँबालीको उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान कार्यक्रम तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु मार्फत् संचालन हुने गहुँबालीको उन्नत बीउ प्रयोगकर्ता कृषकहरुलाई उन्नत बीउमा ५० प्रतिशत मूल्य अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहले subsidy.sqcc.gov.np वेभसाइट मार्फत् वा www.sqcc.gov.np मा Program/System अन्तर्गत राखिएको विद्युतीय बीउ व्यवस्थापन प्रणाली (Digital Seed Management System-DESES) मा गई देहाय बमोजिमका सर्तहरु तथा समय सिमा भित्र तोकिएका कागजातहरु अपलोड अनलाइन रजिष्ट्रेसन (यस अघि रजिष्ट्रेसन भएकाले लग इन गर्नुपर्ने) भई उन्नत बीउ उत्पादकले उक्त प्रणालीको **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान सम्भागमा गहुँको उन्नत बीउ आपूर्ति विवरण** तथा सम्बन्धित स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहमा कृषकहरुबाट माग भएको आवश्यक गहुँको उन्नत बीउको परीमाण **उन्नत बीउ प्रयोगमा मूल्य अनुदान** सम्भागमा गई **माग विवरण प्रविष्ट** गर्ने गराउने व्यवस्थाका लागि गर्नका लागि प्रदेश मन्त्रालय तथा अन्तर्गत निकाय र सम्बन्धित स्थानीय तहमा पत्राचार हुन अनुरोध छ ।साथै, यस सम्बन्धमा यस केन्द्रबाट मिति २०७९ भाद्र २४ गते शुक्रवारको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाको प्रतिलिपि समेत यसैसाथ संलग्न राखिएको व्यहोरा समेत अनुरोध गर्दछु ।

**सर्त/बन्देज तथा समय सिमा**

१. उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा मूल्य अनुदान उपलब्ध हुने गहुँका जात/मूल्य/प्रोत्साहन अनुदान देहाय बमोजिम हुनेछः

| क स | कार्यक्रम | जात | उन्नत बीउको मूल्य (रु प्रति के.जी.) (अधिकतम) | उन्नत बीउ उत्पादकलाई उपलब्ध हुने प्रोत्साहन अनुदान (रु प्रति के.जी) | उन्नत बीउ प्रयोगकर्ता कृषकलाई उपलब्ध हुने मूल्य अनुदान (रु प्रति के.जी.) |
|---|---|---|---|---|---|
| १ | उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान तथा उन्नत बीउ बिजन प्रयोगमा मूल्य अनुदान | विजय, गौतम, वाणगंगा, एन.एल. ९७१, तिलोत्तमा, डब्लु.के. १२०४, बि.एल. ४३४१, आदित्य, जिङ्क गहुँ १, जिङ्क गहुँ २, बोर्लोग २०२०, भृकुटी, स्वर्गद्वारी, धौलागिरी, डाँफे, पासाङ्गल्हामु, मुनाल, मुडुले १, कौटिला, तिला, सुर्मा, भेरीगंगा, हिमगंगा, खुमलशक्ति र अच्युत। | ७२ | १० | यस तालिकामा उल्लेखित अधिकतम् मूल्य (रु ७२ प्रति के.जी.)का आधारमा निर्देशिकाको दफा १० उपदफा ५ को खण्ड (छ), (ज) तथा (झ) अनुसार कायम हुने मूल्यको ५०% |

२. मूल बीउ उत्पादनको अनुमति पत्र नलिएका र मूल वा प्रमाणित बीउ लगाई उन्नत बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक/कम्पनी/फर्मले मात्र उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन पाउने छन्।

वेनु प्रसाद प्रसाई
प्रमुख(रा.प.प्र.प्रा.)

☎९७७-०१-५५२१३५९
🖷९७७-०१-५५२६२७६
इमेल:sqccnepal@gmail.com
वेभसाइटः www.sqcc.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र

हरिहरभवन, ललितपुर।

प.सं. : सचिवालय/०७९/०८०
च.नं.

३. गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि अनलाइन आवदेन गर्ने उन्नत बीउ उत्पादकले सर्तको १ नम्बर बुँदामा उल्लेख गरिएको अधिकतम् मूल्यमा (रु ७२ प्रति केजी) बीउ प्रशोधन, बीउ उपचार लगायतका बीउ उत्पादनका सबै सर्तहरु पुरा गरी गुणस्तरीय टयागिङ्ग, व्यागिङ्ग तथा लेबलिङ्ग भएको गहुँको उन्नत बीउ उपलब्ध गराउनु पर्नेछ।
४. उन्नत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राही तथा बीउ माग गर्ने स्थानीय तहले Digitally Enabled Seed Management System (DESES) बाट तयार गरेको बासलात बमोजिम अनिवार्य रुपमा बीउको आपूर्ति तथा वितरण गर्नुपर्नेछ।
५. **रजिष्ट्रेसन/लगइन प्रारम्भ मिति: २०७९ भाद्र २४ गते**
६. **रजिष्ट्रेसन/लगइन समाप्त हुने मिति: २०७९ आश्विन १४ गते**
७. **सम्बन्धित स्थानीय तहले उन्नत बीउ माग तथा उन्नत बीउ उत्पादकले आपूर्ति विवरण प्रविष्ट गर्ने अन्तिम मिति: २०७९ आश्विन २५ गते सम्म**
८. अन्य शर्त तथा विस्तृत जानकारीका लागि www.moald.gov.np, www.sqcc.gov.np, www.doanepal.gov.np मा राखिएको **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८** हेर्न सकिनेछ ।

थप जानकारीको लागि : बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, ललितपुर : ०१-५४२१३५९, ९८४९२२६१७३, ९८५१२५४२७६,९८४८२४७८६९, कृषि विभाग, हरिहरभवन, ललितपुर : ०१-५४२१३२३, ९८४७६९३५५४ तथा सम्बन्धित जिल्ला स्थित कृषि कार्यालय तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु।

(हस्ताक्षर)
... प्रसाद प्रसाई
प्रमुख(रा.प.प्र.प्रा.)

बोधार्थ:
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार ।
श्री कृषि मन्त्रालय, प्रदेश नं १, बिराटनगर ।
श्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश, जनकपुर/कर्णाली प्रदेश, सुर्खेत/सुदुरपश्चिम प्रदेश, धनगढी ।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौडा ।
श्री भूमि व्यवस्था कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।
श्री कृषि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश, बुटवल।
श्री कार्यक्रम तथा बजेट विनियोजन भएका स्थानीयत तह-सबै ।

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र

हरिहरभवन, ललितपुर

## गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा उन्नत बीउको प्रयोगमा मूल्य अनुदानका लागि अनलाइन आवेदन तथा माग, आपूर्ति विवरण पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९ भाद्र २४ गते शुक्रबार)

संघ, प्रदेश तथा स्थानीय तहको समन्वय तथा सहकार्यमा गुणस्तरीय बीउ विजनको उत्पादन, आपूर्ति तथा वितरण प्रणालीको सुदृढीकरण तथा स्वदेशी जा प्रवर्द्धन गर्न स्वीकृत **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८** बमोजिम चालु आर्थिक वर्ष २०७९/८० मा सङ्घीय शसर्त बजेट मा कार्यक्रम तथा बजेट विनियोजन भएका प्रदेशस्तर (कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय)बाट संचालन गहुँको उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान कार्यक्रम तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु मार्फत् संचालन हुने उन्नत प्रयोगकर्ता कृषकहरुलाई गहुँको उन्नत बीउमा ५० प्रतिशत मूल्य अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक बीउ उत्पादक तथा सम्बन्धित स्थानीय subsidy.sqcc.gov.np वेभसाइट मार्फत् वा www.sqcc.gov.np मा कार्यक्रम/प्रणाली (Program/System) अन्तरगत राखिएको **बीउ व्यवस्** **प्रणाली (Seed Subsidy Management System)** मा गई देहाय बमोजिमका सर्तहरु तथा समय सिमा भित्र तोकिएका कागजातहरु अपलोड गरी **अनल** **रजिष्ट्रेसन (यस अघि रजिष्ट्रेसन भएकाले लग इन गर्नुपर्ने)** भई उन्नत बीउ उत्पादकले उक्त प्रणालीको **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान सम्भा** गहुँको उन्नत बीउ **आपूर्ति विवरण** तथा सम्बन्धित स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहमा कृषकहरुबाट माग भएको आवश्यक गहुँको उन्नत बीउको परी **उन्नत बीउ प्रयोगमा मूल्य अनुदान सम्भागमा** गई **माग विवरण** प्रविष्ट गर्नुहुन सूचित गरिन्छ ।

### सर्त/बन्देज तथा समय सिमा

१ उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा मूल्य अनुदान उपलब्ध हुने गहुँका जात/मूल्य/प्रोत्साहन अनुदान देहाय बमोजिम हुनेछ :

| क्र स | कार्यक्रम | जात | उन्नत बीउको मूल्य (रु प्रति के.जी.) (अधिकतम) | उन्नत बीउ उत्पादकलाई उपलब्ध हुने प्रोत्साहन अनुदान (रु प्रति के.जी) | उन्नत बीउ प्रयोगकर्ता कृषकला उपलब्ध हुने मूल्य अनुदान (रु प्रति के.जी.) |
|---|---|---|---|---|---|
| १ | उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान तथा उन्नत बीउ विजन प्रयोगमा मूल्य अनुदान | विजय, गौतम, वाणगंगा, एन.एल. ९७१, तिलोत्तमा, डब्लु.के. १२०४, बि.एल. ४३४१, आदित्य, जिङ्ग गहुँ १, जिङ्ग गहुँ २, बोर्लोग २०२०, भृकुटी, स्वर्गद्वारी, धौलागिरी, डाँफे, पासाङ्ल्हामु, मुनाल, मुडुले १, कौटिला, तिला, सुर्मा, भेरीगंगा, हिमगंगा, खुमलशक्ति र अच्युत । | ७२ | १० | यस तालिकामा उल्लेखित अधिक मूल्य (रु ७२ प्रति के.जी.)का आधारमा निर्देशिकाको दफा १ उपदफा ५ को खण्ड (छ), (ज) (झ) अनुसार कायम हुने मूल्य ५०% |

२. मूल बीउ उत्पादनको अनुमति पत्र नलिएका र मूल वा प्रमाणित बीउ लगाई उन्नत बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/सामु बीउ बैंक/कम्पनी/फर्मले मात्र उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन पाउने छन् ।

३. गहुँको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि अनलाइन आवदेन गर्ने उन्नत बीउ उत्पादकले सर्तको १ नम्बर बुँदामा उल्लेख गरिएको अधि मूल्यमा (रु ७२ प्रति केजी) बीउ प्रशोधन, बीउ उपचार लगायतका बीउ उत्पादनका सवै सर्तहरु पुरा गरी गुणस्तरीय टयागिङ्ग, ब्यागिङ्ग तथा लेवलिङ्ग गहुँको उन्नत बीउ उपलब्ध गराउनु पर्नेछ ।

४. उन्नत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राही तथा बीउ माग गर्ने स्थानीय तहले Digitally Enabled Seed Management Sy (DESES) बाट तयार गरेको वासलात बमोजिम अनिवार्य रुपमा बीउको आपूर्ति तथा वितरण गर्नुपर्नेछ ।

५. रजिष्ट्रेसन/लगइन प्रारम्भ मितिः २०७९ भाद्र २४ गते

६. रजिष्ट्रेसन/लगइन समाप्त हुने मितिः २०७९ आश्विन १४ गते

७. सम्वन्धित स्थानीय तहले उन्नत बीउ माग तथा उन्नत बीउ उत्पादकले आपूर्ति विवरण प्रविष्ट गर्ने अन्तिम मितिः २०७९ आश्विन २५ गते सम्म

८. अन्य शर्त तथा विस्तृत जानकारीका लागि www.moald.gov.np, www.sqcc.gov.np, www.doanepal.gov.np मा राखिएको बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ हेर्न सकिनेछ ।

**थप जानकारीको लागि** : बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, ललितपुर : ०१-५४२१३५९, ९८४९२२६१७३, ९८५१२५४२७६, ९८४८२४७८६९, कृषि हरिहरभवन, ललितपुर : ०१-५४२१३२३, ९८४७६९३५५४ तथा सम्बन्धित जिल्ला स्थित कृषि कार्यालय तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय त